# आर्थिक बर्ष २०७६/०७७

# को

# {वजेट वक्तव्य}

## पञ्चकन्या गाउँपालिका

### गाउँ कार्यपालिकाको कार्यालय

### लाकुरीभञ्ज्याङ ।

### २०७६

**<u>सम्माननीय अध्यक्ष महोदय</u>**

सदियौं देखी एकात्मक राज्य व्यवस्था सञ्चालन गर्ने मुलुकको रुपमा रहदैं आएको नेपाल यतीवेला संघियता कार्यान्वयनको चरणमा अघि वढिसकेको छ । विभिन्न काल खण्डहरुमा नेपाली जनताले गरेको बलिदान पुर्ण जनआन्दोलन, जनयुद्ध, मधेश आन्दोलन लगाएत अन्य सवै आन्दोलनवाट प्राप्त उपलब्धीहरुको रुपमा हामीले प्राप्त गरेको पञ्चकन्या गाउँपालिकालाई आत्मानिर्भर वनाई अघि वढ्ने काम जटिल र चुनौतीपुर्ण अवश्य छ , तर यसलाई नमुना पञ्चकन्या निमार्णको ऐतिहासिक अवसरको रुपमा लिएर अगाडि वढ्नुको विकल्प छैन ।

आज असार १० गते, स्थानिय तहको स्थापना भएको करिब २५ महिना पुरा भएको दिन म यस पञ्चकन्या गाउँपालिकाको उपाध्यक्षको हैसीयतले यस गरिमामय गाउँ सभामा आर्थिक वर्ष २०७६/०७७ को वार्षिक बजेट पेश गर्न उभिएको छु । यस गौरव पुर्ण अवसरमा जनआन्दोलन, जनयुद्ध, मधेश आन्दोलन लगायतका संघर्षहरुमा आफ्नो जीवन उत्सर्ग गर्नुहुने सम्पुर्ण ज्ञात अज्ञात शहीदहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । साथै घाइते र बेपत्ता नागरीकहरु प्रति सम्मान प्रकट गर्दछु ।

राजनैतिक क्षेत्रमा हामिले ऐतिहासिक फड्को मारेका छौं । गणतन्त्र संस्थापन पश्चात स्थानिय तहको निर्वाचन सम्पन्न भई स्थानिय शासन र विकास निर्माणमा प्रत्येक नागरीक आफैं संलग्न हुने वातावरणमा बढोत्तरी भएको छ । यो समयलाई आर्थिक सामाजिक रुपान्तरणको अवशरको रुपमा उपयोग गरी जनचाहाना पुरा गर्ने अबको हाम्रो वाटो भनेको तीब्र आर्थिक विकास नै हो । आत्मानिर्भर र स्वाधिन अर्थव्यवस्था हाम्रो प्रस्थान बिन्दु हो, समाजवाद उन्मुख अर्थत्रन्त मार्फत सुखी नेपाली र समृद्ध नेपाल हाम्रो गन्तब्य हो ।

स्थानिय तहको गठन पश्चात आफ्नो गाउँठाउँको विकासमा जनताको अपनत्व वृद्धि हुन्छ । यस अवसरमा स्थानिय तहको निर्वाचनमा सहभागिता जनाई निर्वाचन लाई सफल वनाउदै लगातार जनसेवा गर्ने अवसर प्रदान गर्नुहुने सम्पूर्ण पञ्चकन्या वासीहरु प्रति हार्दिक आभार प्रकट गर्न चाहान्छु ।

आर्थिक समृद्धितर्फको यात्रामा अग्रसर हुने माध्यमको रुपमा रहेको वार्षिक वजेट असार १० गते भित्र गाउँसभामा प्रस्तुत गर्नुपर्ने कानुनी वाध्यता छ । यसै क्रममा स्थानिय तहले पाएका संवैधानिक अधिकार, १४औं योजनाले परिलक्षित गरेका उद्धेश्यहरु तथा दिगो विकासको लक्ष्यहरु हासिल गरी सन् २०३० सम्ममा नेपाल लाई मध्यस्तरीय आय भएको मुलुकमा स्तरोन्नती गर्ने अभियानलाई थप टेवा पुग्ने गरी यस गाउँपालिकाको वजेट विनियोजन गरेको छु ।

देशको कमजोर आर्थिक वृद्धि, बढ्दो मुद्रास्फीति, भुकम्पवाट पुगेको क्षति जस्ता कुराहरुबाट पञ्चकन्या गाउँपालिका पनि पिडा विहिन अवस्थामा रहन सकेको छैन । तथापी सीमीत अन्तर सरकारी वित्तिय हस्तान्तरण वाट प्राप्त अनुदान र सामान्य आन्तरीक राजश्वको संयोजनबाट पनि जनआकांक्षा पुरा गर्ने खालका योजनाहरु तर्फ वजेटलाई डोर्‍याउने प्रयास भने अवश्य गरेका छौं ।

यो वजेट तयार गर्दा सम्म यस गाउँपालिकालाई सहयोग गर्ने विकास साभ्फेदार हरुले केहि रकम दिने प्रतिवद्धता जनाई सकेको अवस्थामा यस्ता सहयोगी साभ्फेदारहरु संग निरन्तर संवाद जारी रहेको हुदाँ आर्थिक वर्षको विचमा प्राप्त हुने थप रकमहरुलाई पुरक अनुमान वाट खर्च गर्न सक्ने ब्यवस्था गरी म्याचिङ फण्डको समेत ब्यवस्था गरेको छु ।

भौगोलीक विकटताको वावजुत आन्तरीक र वाह्य पर्यटन विकास मार्फत आर्थिक समृद्धिको ढोका खोल्न सक्ने अवशरहरु हाम्रा सामु रहेका छन् । कृषि र जलविद्युतको विकास वाट स्वावलम्वी अर्थतन्त्र निर्माण गर्न सक्ने हैसियत समेत यस गाउँपालिकाले राख्छ त्यसैले यस्ता क्षेत्रहरुको पस्किरण गर्दै गाउँपालिकालाई नमुना वनाउने अभियानलाई सार्थकता प्रदान गर्ने वाटो तर्फ वजेटलाई डोर्‍याउने प्रयास गरेको छु ।

यस गाउँपालिकाको आफ्नै आर्थिक ऐन समेत बनाईसकेको सर्न्दभमा यसवाट प्राप्त आन्तरिक आयवाट आउँदा दिनहरुमा भविस्यका मार्गचित्रहरु कोर्नको लागी थपवल अवश्य पुग्नेछ । यस्ता ऐन, नियमहरुलाई प्रभावकारी कार्यान्वयन गर्न आवश्यक पर्ने संस्थागत सृदृढिकरणको क्षेत्रलाई समेत समेट्ने गरी वजेटलाई मुर्तता दिने काम गरेको छु ।

ऐतिहासिक स्थानिय तहको निर्वाचन सम्पन्न पश्चात स्थानिय सरकारले तर्जुमा गरेको पहिलो र दोस्रो वजेटमा समेटिएका यस गाउँपालिकाका र सो अन्तर्गतका वडाहरुमा संचालित योजनाहरुमा नै पूँजीगत खर्च ७५ प्रतिशतको हाराहारीमा हुने अवस्था देखीनुले आगामी आ. व. मा यसमा अझै सुधार गरेर अघि बढ्न सक्ने मार्ग प्रशस्त देखिन्छ । स्थानिय तह जनप्रतिनिधि विहिन अवस्थाको अन्त्य सँगै विगतमा योजना सम्पन्न गर्न आईपरेका समस्याहरुलाई स्थानिय सरकारको आगमनले सहज रुपमा समाधान हुँदै जाने कुरामा विश्वस्त छु ।

**सम्माननीय अध्यक्ष महोदय,**

यी सवै सकरात्मक उपलब्धी हुँदा हुँदै पनि पञ्चकन्याको अर्थतन्त्र चुनौती रहित भने छैन । अर्थतन्त्रमा देखिएका मुलभुत चुनौतीहरु यसप्रकार प्रस्तुत गरीएको छ :-

- ✓ शताब्दियौं देखी एकात्मक राज्यप्रणालीको अभ्यास गरेका हाम्रा लागी संघियता व्यवस्थापन नौलो प्रयोग हो । भर्खरै गठन भएको स्थानिय तहको संस्थागत, प्राविधिक र स्रोत परीचालन क्षमता वृद्धि गर्ने तथा यसको पुर्वाधार निर्माणका लागी आवश्यक स्रोत व्यवस्था गर्ने कार्य चुनौती पुर्ण छ ।

- ✓ आयोजना छनौटमा हुने विशेषज्ञको अभाव, कमजोर व्यवस्थापकिय क्षमता, कानुनी, नीतिगत र प्रक्रियगत जटिलताका कारण आयोजनाहरु समयमा सम्पन्न हुन सक्ने अवस्था छैन । तसर्थ विनियोजनमा प्रभावकारिता ल्याई लक्ष्य वमोजीम कार्यसम्पादन गर्नु चुनौतीपुर्ण रहेको छ ।
- ✓ जनताप्रतीको जिम्मेवारी र उत्तरदायित्वप्रतिको सचेतना विना स्थानिय तहवाट दिईने सेवाको सहज प्राप्ति हुन सक्दैन तसर्थ कानुनको परीपालना ,सेवा प्रवाहमा प्रभावकारीता , सुदृढ र सक्षम संस्थागत सुशासन कायम गरी सेवा प्रवाहमा चुस्तता ल्याउन चुनौतीपुर्ण छ ।
- ✓ भुकम्पवाट क्षती ग्रस्त सांस्कृतिक सम्पदा लगायत अन्य संरचनाहरुको पुननिर्माणमा भएको ढिलाईलाई चिर्दै पुनः निर्माणलाई नवनिर्माणमा बदल्नु पर्ने चुनौती हाम्रो सामु छ ।
- ✓ भौगोलिक विविधताले विकासको समन्यायीक बाडँफाड गरि गाउँपालिका भित्रका सबै क्षेत्रबाट एकैनासे प्रगती हासिल गर्ने कुरा चुनौती पुर्ण छ ।

**सम्माननीय अध्यक्ष महोदय ,**

हाम्रा सामु विभिन्न चुनौतीहरु रहेता पनि स्थानिय सरकारको अवधारण पश्चात आगामी दिनमा यस क्षेत्र भित्र हुने आर्थिक क्रियाकलापका कारण उच्चदरको आर्थिक वृद्धि हुने आधार तय भएको छ । यस परिप्रेक्ष्यमा स्वायत्त स्थानीय सरकारको हैसियतमा विद्यामान अवसरहरुको सदुपयोग र चुनौतीहरुको सामना गर्ने गरी आगामी आर्थिक वर्षको वजेट  तयार गरेको छु । यो वजेटको उदेश्यहरु यसप्रकार प्रस्तुत गरेको छु ।

- ❖ संघियता कार्यान्वयनमा सहयोग गर्ने,
- ❖ दिगो, समावेशी र उच्चदरको आर्थिक वृद्धि हासिल गर्ने,
- ❖ गाउँपालिकावाट प्रदान गरीने सेवामा नागरीक पहुँच वृद्धि गर्ने,
- ❖ स्थानिय सरकारको अनुभुती हुने गरी सेवा प्रवाह गर्ने।
- ❖ विकासका क्रियाकलापहको समन्यायीक वितरण गर्ने
- ❖ स्थानिय सरकारको विकास सम्वन्धि योजना र कार्यक्रमहरुमा नागरिकको अपनत्व विकास गर्ने
- ❖ विविध कारणले पछि परेका वा पारिएका वर्गहरुलाई मुलप्रवाहीकरण गरी राज्य सञ्चालनको मुलधारमा समावेश गराउने

माथि उल्लेखित उद्देश्यहरु हासिल गर्नको लागी आगामी आर्थिक बर्षको वजेटका प्राथमिकताहरु देहाय वमोजीम निर्धारण गरेको छु ।

- ➢ संघियता कार्यान्वयन

- भुकम्पवाट क्षतीग्रस्त संरचनाहरुको पुन :निर्माण
- रोजगारीको अवसरमा वृद्धि
- सडक निर्माण र स्तरोन्नती
- गाउँपालिकाको भौतिक विकास
- शिक्षा, स्वास्थ्य,खानेपानी र सरसफाईमा लगानी
- पर्यटन पुर्वाधारको विकास तथा प्रवर्द्धन
- सार्वजनीक प्रशासन र सेवा प्रवाहमा सुधार
- कृषिको व्यवसायिकरण, आधुनीकिकरण, यान्त्रिकरण र वैज्ञानिकरण
- कृषिजन्य तथा पशुजन्य उत्पादनको भण्डारण तथा वितरण
- सामाजिक सुरक्षाको सुनिश्चितता

**सम्माननीय अध्यक्ष महोदय,**

अव म यीनै चुनौती उद्देश्य र प्राथमिकताको सेरोफेरोमा रहेर तयार गरिएको आगामी आर्थिक वर्ष ०७६/०७७ को बजेट तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु ।

**संघियता कार्यान्वयनः**

नेपाली जनताको बलीदान पुर्ण संघर्षवाट प्राप्त संघियता कार्यान्वयन गर्न आवश्यक भौतिक संरचनाहरुको निर्माण, आफ्नै स्थानिय तहको ऐन, कानुन,नीति नियमावली र कार्यविधिहरु निर्माण गरी नागरीकलाई सेवा प्रवाह गरिनेछ । आफ्नै न्याय प्रणालीमार्फत स्थानिय स्तरमा न्यायीक कार्य संम्पादन गर्ने कार्यलाई थप प्रभावकारी बनाईनेछ । यसको लागी आवश्यक वजेट विनियोजन गरेको छु ।

नेपालको संविधानको अनुसुचि-८ मा व्यवस्था भएका अधिकांश कार्यहरु स्थानिय तहवाटै संञ्चालन हुने गरी भएका वित्तिय हस्तान्तरणको माध्यमवाट स्थानिय सेवा प्रवाह र विकास निर्माणका कार्यहरु आफैं सञ्चालन गर्न सक्ने गरी रकम विनियोजन मार्फत गाउँमानै सिंहदरवारको अनुभुती हुनेगरी बजेटको लागी संघिय तथा प्रादेशिक विभाग र मन्त्रालय धाउन पर्ने अवस्थाको अन्त्य गरेको छु ।

**कृषि :**

मुलुकको कुल गार्हस्थ उत्पादनमा करिब ३० प्रतिशत योगदान गर्ने र दुई तिहाई नेपालीको प्रमुख पेशाको रुपमा रहेको कृषिको व्यवसायिकरण, आधुनिकिकरण, यान्त्रिकीकरण र वैज्ञानिकीकरण बिना समग्र देश तथा पञ्चकन्याको अर्थतन्त्रमा गुणात्मक सुधार हुन सक्दैन भन्ने मेरो मान्यता छ । त्यसैले कृषि क्षेत्रलाई परिस्कृत वनाउँदै उत्पादनमा वृद्धि गर्न तथा कृषि प्रणालीलाई वैज्ञानिक, व्यवसायिक र वातावरण तथा जलवायु अनुकुलित वनाउँदै आर्थिक

वृद्धिको दिगो आधार तयार गर्न यस गाउँपालिकाको वडा नं १ लाई आलु ,वडा नं २ लाई मेवा र केरा,वडा नं ३ लाई अदुवा,वडा नं ४ लाई अलैंची र वडा नं ५ लाई सुन्तलाको पकेट क्षेत्र घोषणा गर्ने कार्यक्रमको सम्भाव्यता अध्ययनको समेतको लागी चालु तर्फ रु ४५ लाख र पुजिगत तर्फ रु. १८ लाख गरि रु ६३ लाख .रकम विनियोजन गरेको छु ।

**सडक यातायात :**

सम्रग आर्थिक सामाजिक क्रियाकलापहरु विस्तार गर्ने, सेवा प्रवाहामा पहुँच वृद्धि गर्ने, गाउँपालिकाको कार्यालयलाई वडा कार्यालयहरु संग जोड्ने तथा गाउँपालिकामा रिङरोड निर्माण गर्ने परिकल्पना अनुरुप नयाँ सडक निर्माणको थालनी तथा पुराना सडकहरुको स्तरोन्नती गर्ने योजना स्वरुप सडक यातायातको लागि रु.४ करोड ६९ लाख छुट्याएको छु ।

**सम्माननीय अध्यक्ष महोदय,**

पञ्चकन्या गाउँपालिका वडा नं १, २, ३, ४ र ५ मा दिगो खानेपानी वितरणको अभावमा स्वच्छ र शुद्ध खानेपानी सुविधावाट यस क्षेत्रका नागरिक वन्चित रहनु परेको तथ्य यहाँलाई अवगत नै छ । यसै कुरालाई मध्यनजर गर्दै यस आर्थिक वर्षमा यस गाउँपालिका भित्र खानेपानीको सहज उपलब्ध गराउने उद्धेश्यले खानेपानी तर्फ रु.५२ लाख ५० हजार र सरसफाई तर्फ रु.२ लाख गरि जम्मा रु.५४ लाख ५० हजार रकम विनियोजन गरेको छु । विनियोजित रकमबाट साना खानेपानी आयोजनाहरु मात्र सम्पन्न गर्न सकिने हुँदा यसले यस क्षेत्रका जनताको माग बमोजिमको खानेपानी आपुर्ति हुन नसक्ने देखिएकोले एक घर एक धाराको नीति अनुरुप ठुला लगानी गर्न इच्छुक विकास साझेदारहरु DFID, UNICEF, MALTESER, UNDP, OXFAM, RUDEC, RSDC लगायतका अन्य गैरसरकारी संस्थाहरुसँग सम्वाद गरी यस आर्थिक वर्षको विचमा विकास साझेदारहरु वाट प्राप्त हुने रकममा गाउँकार्यपालिकाको पुँजिगत रकमवाट थप रकम समपुरक कोषमा छुट्याएर ठुला खानेपानी आयोजना सम्पन्न गर्ने वाटो समेत खुल्ला राखेको छु ।

**पर्यटन** :-

पर्यटकिय प्रचुरता भएका प्रमुख स्थलहरुलाई पर्यटकिय गन्तव्यको रुपमा विकास गर्न गुरुयोजना तयार गर्ने र पर्यटकीय पदयात्रा मार्ग निर्माण तथा विकासको कार्यकमलाई प्राथमिकता साथ अघि वढाउने कममा यस क्षेत्रको लागी रु.१० लाख छुट्याएको छु ।

**स्वास्थ्य :-**

सबै पञ्चकन्याबासीले गुणस्तरीय स्वास्थ्य सेवा सुलभ दरमा प्राप्त गर्न सकुन् भन्ने उद्देश्यले म स्वस्थ मेरो गाउँ स्वस्थ, गाउँघर क्लीनीक, Birthing At HealthCenter

जस्ता कार्यक्रमहरु संचालनमा ल्याउन तथा महिला स्वास्थ्य स्वयंसेवीकाहरुको क्षमता वृद्धि कार्यक्रम संचालन तथा मुटु रोगी, मृगौला र क्यान्सर रोगीहरुको अप्रेशन गर्न पर्ने अवस्थामा जनही रु.५० हजार सम्म सहयोग दिन सक्ने गरी आगामी आर्थिक वर्ष स्वास्थ्य क्षेत्रको लागि निसर्त अनुदानवाट रु.५१ लाख ५० हजार र सर्सत अनुदान वाट रु २ करोड ८३ हजार सहित जम्मा रकम रु २ करोड ५२ लाख ३३ हजार विनियोजन गरेको छु ।

सृष्टिको सञ्चालिका नारीको सुत्केरी अवस्था र नवजात शिशुको शारिरिक स्थास्थ्य समस्यामा सुधार ल्याउन **"गर्भवतीको साथी उपाध्यक्ष"** कार्यक्रम संचालन गर्दै मातृ शिशु मृत्युदर न्युनिकरण गर्न पौष्टिक आहार र न्यानो झोला वितरण कार्यलाई प्राथमिकताका साथ अघि बढाउन माथिकै सिमाबाट रु. ५ लाख विनियोजन गरेको छु ।

## शिक्षा :-

विद्यालय शिक्षालाई समतामुलक र गुणस्तरीय वनाउँदै विद्यालयको व्यवस्थापकिय क्षमता अभिवृद्धि गर्ने गरी विद्यालय क्षेत्र विकास कार्यक्रम स्थानिय तहवाटै संचालन हुने हुँदा यसका लागी आ.व. २०७६/०७७ मा ससर्त अनुदानबाट रु.७ करोड ३९ लाख ५२ हजार विनियोजन गरेको छु । SEE परिक्षामा यस गाउँपालिका वाट संलग्न भई उत्कृष्ट स्थान हासिल गर्ने २ जना छात्र तथा २ जना छात्रा हरुलाई जनहिरु १० हजार पुरस्कार सहितसम्मान पत्र प्रदान गर्ने व्यवस्थामा दलितहरुको तर्फबाट उत्कृष्ट स्थान हासिल गर्ने १ छात्र र १ छात्रालाई समेत पुरस्कार सहित सम्मान गर्ने व्यवस्था थप गरेको छु । यसका अलवा यस क्षेत्र भित्रका शैक्षिक संस्थाहरुलाई भौतिक रुपले सक्षम वनाउन निसर्त अनुदानवाट थप रु. ८७ लाख ४६ हजार सहित जम्मा रु. ८ करोड २६ लाख ९८ हजार छुट्याएको छु ।

शिक्षा एउटा त्यस्तो हतियार हो जसले विश्व वदल्न सक्छ त्यसैले कुनैपनि नागरिकले शिक्षा जस्तो मौलिक हकवाट वञ्चित हुनु नपरोस् भन्ने ध्येयले पारिवारिक र आर्थिक समस्याको कारणवाट विद्यालयको शैक्षिक ज्ञान प्राप्त गर्नवाट वञ्चित टुहुरा र दलित वाल वालिकालाई शिक्षाको मन्दिरमा प्रवेश गराउन **"टुहुरा र दलित वालवालिकाको साहारा अध्यक्ष"** कार्यक्रम मार्फत आर्थिक सहयोग प्रदान गर्ने कार्यको थालनीको लागी माथिकै सिलिङबाट रु.३ लाख विनियोजन गरेको छु ।

## संस्कृति :-

हाम्रो गाउँपालिकाको पहिचानको रुपमा रहेको हाम्रो कला, सभ्यता र मौलिक संस्कृतिको संरक्षण तथा सम्वर्द्धन मार्फत पर्यटन व्यवसायलाई थप टेवा पुगोस् भन्ने अठोटका साथ यस क्षेत्रको लागि पुजिगत तर्फबाट रु ५६ लाख र चालु तर्फबाट रु. ५ लाख गरि जम्मा रु. ६१ लाख विनियोजन गरेको छु ।

**सिंचाई :-**

कृषिको वैज्ञानिकिकरण र आधुनिकिकरण को अभियान त्यतिवेला मात्र गन्तव्यमा पुर्‍याउन सकिन्छ जव प्रत्येक जमिनलाई १२ महिना चल्ने सिंचाई सुविधाले सिञ्चीत गर्न सकिन्छ भन्ने मुल मन्त्रको आधारमा यस पञ्चकन्या गाउँपालिकाको आगामी आर्थिक वर्ष २०७६/०७७ को वजेटवाट रु.  २० लाख सिंचाईको लागि विनियोजन गरेको छु ।

**भु-क्षय नियन्त्रण तथा विपत् व्यवस्थापन :-**

पहाडी धारिलो जमिनले अधिकांश भु-भाग ओगटेको यस गाउँपालिकामा वर्षायामको वाढि तथा पहिरोवाट सडक, सिंचाई तथा विद्यालयहरुमा पर्न जाने जोखिमहरु न्यूनिकरण गर्दै दिगो विकासको अवधारणलाई मूर्तरुप दिन भु-क्षय नियन्त्रण तथा विपद व्यवस्थापनको लागि रु.६३ लाख व्यवस्था गरेको छु ।

**भवन :-**

गाउँ गाउँमा सिंहदरवार पुर्‍याउने संघीय सरकारको अभियान स्वरुप जन्मन पुगेको पञ्चकन्या गाउँपालिकाको आफ्नै भवन भएको हुँदा प्रभावकारी सेवा वितरणमा केहि सहजता हुन पुगेको अवस्थालाई मध्यनजर गर्दै आफ्नै भवन नभएका वडाहरुमा दाताहरुवाट जग्गा प्राप्ती भएपश्चात वडा कार्यालयको भवन निर्माण गर्ने लगायत विभिन्न सामुदायिक तथा सहकारी भवन निर्माण गर्ने उदेश्य लिई आगामी आर्थिक वर्षमा भवन निर्माण सम्पन्न गर्नको लागि रु.९३ लाख रकम भुक्तानी हूने व्यवस्था गरेको छू ।

**लक्षित कार्यक्रम :-**

महिला, वालवालिका, दलित, अल्पसंख्यक जस्ता वर्गहरुलाई सामाजिक सशक्तीकरण मार्फत गाउँपालिकाको विकास निर्माण लगायतका अन्य क्षेत्रमा समाहित गर्दै स्थानिय शासन संचालनको मुलधारमा मुल प्रवाहिकरण गर्न लक्षित कार्यकक्रमको लागि रु.४३ लाख विनियोजन गरेको छु । अपांगमैत्री रोजगारीका अवसरहरुको खोजी गरि सफलताको वाधक असमक्षता होईन भन्ने भावना जागृत गराई गाउँपालिका भित्र रहेका अपांगहरुलाई स्वावलम्वन तर्फ उन्मुख गराउन यसै आ.व. २०७६।०७७ देखि **"अपागं संग जनप्रतिनिधि"** कार्यक्रमको लागी रु. ५ लाख समेत माथिकै सिलिङबाट खर्च हुने गरि विनियोजन गरको छु ।

**युवा तथा खेलकुद :**

भविष्यमा खेलकुद मार्फत पञ्चकन्या गाउँपालिकालाई चिनाउन योगदान पुचाउन अन्तराष्ट्रिय खेलकुदमा सहभागिता जनाउने यस क्षेत्रका खेलाडीहरुको एक तर्फी हवाई टिकट र

होटल वास खर्चको व्यवस्था गर्ने, राष्ट्रिय खेलकुदमा सहभागी भई स्वर्ण , रजत र कास्य पदक जित्ने खेलाडीहरुलाई क्रमशः ५० हजार ३० हजार र २० हजार उपलव्ध गराउने तथा अन्तराष्ट्रिय खेलकुदमा स्वर्ण , रजत र कास्य पदक जित्न सफल खेलाडीहरु लाईृ क्रमश : रु.३० हजार, २० हजार, १० हजार उपलव्ध गराउन आवश्यक रकम व्यवस्था गरेको छु ।

एक वडा एक खेल मैदान कार्यक्रमलाई पुर्णता दिनको लागी आ.व. ०७६/०७७ मा खेल मैदान निर्माणको लागी रु. १५ लाख र मेयर कप भलिबल प्रतियोगीको लागी २५ लाख गरि समग्र खेल क्षेत्रको विकासको लागी रु. ४० लाख विनियोजन गरेको छु ।

## सुचना र संचार :

यस गाउँपालिकावाट सम्पादन भएका कार्यहरुलाई पारदर्शी वनाउन प्रयोग गरीने विभिन्न विज्ञापन, पोस्टरिङ, सार्वजनिक सुनुवाई, रेडियो, सुचना र प्रविधि जस्ता कार्यक्रमहरुको लागी रु. २९ लाख ५० हजार विनियोजन गरेको छु ।

## बिबिध तथा भैपरी आउने कार्यक्रमहरु

पञ्चकन्या गाउँपालिकालाइ चिनाउने गरि आगामी ३ वर्ष भित्र प्रत्येक वडाहरुवाट गाँउपालिका आउने मूख्य मूख्य नाकामा प्रवेशद्धार निर्माण गर्ने कार्य सम्पन्न गरिने छ । जसको शुरुवात स्वरुप यस आर्थिक वर्ष २०७६/०७७ को वजेटबाट प्रवेशद्धार निर्माण सम्पन्न गर्नको लागि रु.२० लाख विनियोजन गरेको छु ।

मानसिक शुद्धीकरण विना सामाजिक रुपान्तरणको खोजी गर्नु भनेको बन्द अध्यारो कोठामा निदाईरहेको कालो विरालो खोज्नु सरह हो । त्यसैले समाजमा व्याप्त लैंगिक, धार्मिक, जातिय लगायत अन्य कारणबाट मानसिक समस्याले ग्रस्त नागरिकहरुको मनोवैज्ञानिक समस्या सुधार गरि विकासको अभियानमा समावेश गराउन आवश्यक कार्यक्रम संचालनलाई वढोत्तरी गर्नको लागी यस आ.व.मा रु.२ लाख विनियोजन गरेको छु ।

गाउँपालिका भित्र संचालित योजनाहरुको अनुगमन गरि गुणात्मक नतिजा प्राप्तीको लागि तथा बिकाश प्रकृया र सरसफाई अभियानलाई सहज र सरल ढंगले सम्पन्न गर्न आवश्यक पर्ने सवारी साधन खरिदको लागि आगामी आर्थिक बर्ष २०७६/०७७ को आय व्ययको बिबरणबाट रु. १० लाख विनियोजन गरेको छु ।

कार्यालय सञ्चालनको लागी आवश्यक पर्ने फर्निचर, मेसिनरी औजार खरिद, डि.पि.आर. निमार्ण आई.ई.ई. तयारी विद्युतिय पुर्वाधार निमार्ण लगायतका अन्य क्षेत्रहरुमा रु. ९० लाख ५० हजार विनियोजन गरेको छु ।

आकस्मिक रुपमा आईपर्ने आर्थिक सामाजिक पुर्वाधार वातावरण तथा विविध व्यवस्थापन र संस्थागत विकास सेवा प्रवाह र शुसासन सम्वन्धि योजनाहरु सञ्चालनको लागी रु.७८ लाख विनियोजन गरेको छु ।

गाउँपालिका स्तरिय खानेपानी, वैकल्पीक उर्जा, सडक निर्माण तथा अन्य पुर्वाधार विकासमा सह लगानी गर्ने उदेश्यले रु.२ करोड २ लाख विनियोजन गरेको छु ।

यस गाउँपालिकाका विभिन्न क्षेत्रहरुमा कार्यरत विभिन्न संघ संस्थाहरुबाट खर्च हुने रकम रु.३६ लाख १४ हजार ५३६ समेत यसै बजेट वक्तव्य मार्फत पेश गरेको छु

वित्तिय क्षेत्रको विकास, विभिन्न सास्कृतिक भवनहरुको निर्माण, विद्युतिय हाजिरी मार्फत सुशासन प्रर्वद्धन जस्ता पुजिगत योजनाहरु र पदाधिकारी सेवा सुविधा, कर्मचारी पारिश्रमीक, विभिन्न तालिम, घरभाडा, न्यायीक समिती, गाउँसभा तथा कार्यापालिका बैठक सञ्चालन खर्च लगायतका अन्य चालु शिर्षकहरुमा रु.४ करोड ७४ लाख ७२ हजार विनियोजन गरेको छु ।

**सम्माननीय अध्यक्ष महोदय,**

अव म आर्थिक वर्ष २०७६/०७७ मा यस गाउँपालिकाभित्र संचालन हुने मुख्य मुख्य आयोजनाहरु र उक्त शिर्षकहरुमा विनियोजन गरीएको रकमहरुको वारेमा कार्यक्रमगत रुपमा विस्तृत जानाकारी दिन चाहन्छु ।

# पञ्चकन्या गाउँपालिका

पुँजिगत खर्चको अनुमानित वजेट

| क.सं. | शिर्षक | | अनुमानित वजेट | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| क) | कृषि | | ४,३००,०००.०० | त्रिचालिस लाख |
| | हाते ट्याक्टर | १,०००,०००.०० | | दश लाख |
| | मैरी घार वितरण | ८००,०००.०० | | आठ लाख |
| | सहकारी भवन निर्माण | २,०००,०००.०० | | विस लाख |
| | वितिय क्षेत्र | ५००,०००.०० | | पचास लाख |
| ख) | खानेपानि तथा सरसफाई | | ५,२५०,०००.०० | वउन्न लाख पचास हजार |
| | वडा नं. १ | | | |
| | खा.पा. व्यवस्थापन | ९००,०००.०० | | नौ लाख |
| | वडा नं. २ | | | |
| | मिश्र गाऊ खा.पा. व्यवस्थापन | ५००,०००.०० | | पाचं लाख |
| | काप्राको फेदी खानेपानी ट्याङकी निर्माण | २००,०००.०० | | दुई लाख |
| | चारसय फांट ईनारबाट खानेपानि | २००,०००.०० | | दुई लाख |
| | वडा नं. ३ | | | |
| | मिश्र फाट खानेपानि योजना | १,०००,०००.०० | | दश लाख |
| | वडा नं. ४ | | | |
| | थप्रेक पिपलडाडा अधिकारी, पण्डित, कार्की, थिङ, स्वारावेसी खानेपानि आयोजना | ९००,०००.०० | | नौ लाख |
| | लामा टोल खानेपानि | १,०००,०००.०० | | दश लाख |
| | वडा नं. ५ | | | |
| | सिम्लेखोला मुहान गरि साविक ७ नयाँ वस्ती खा.पा. | ४००,०००.०० | | चार लाख |
| | गिद्धेझ्याङ मुहानगरि गोठडाडाँ खानेपानि ट्याङकी निर्माण | १५०,०००.०० | | एक लाख पचास हजा |
| ग) | सस्कृति | | ५,६००,०००.०० | छपन्न लाख |
| | वडा नं. १ | | | |
| | पुरानो ठांटी पुननिर्माण | ४००,०००.०० | | चार लाख |
| | आपंचौर कुनाटि चौतारो | १५०,०००.०० | | एक लाख पचास हजा |
| | वडा नं. २ | | | |
| | कपिलेश्वर मन्दिरको फेदिमा चौतारा निर्माण | २५०,०००.०० | | दुई लाख पचास हजार |
| | कालिका मन्दिर परिसरमा सार्वजनिक शौचालय निर्माण | १००,०००.०० | | एक लाख |
| | वडा नं. ३ | | | |
| | पञ्चकन्या मन्दिर निर्माण | ५००,०००.०० | | पांच लाख |
| | तलाङज्यालिङ गुम्वा मर्मत तथा व्यवस्थापन | ३००,०००.०० | | तिन लाख |
| | सेतिदवि मन्दिर निर्माण | १००,०००.०० | | एक लाख |
| | कालिका वनदेवी मन्दीर निर्माण | १५०,०००.०० | | एक लाख पचास हजा |
| | सल्लाघारी मरणपाटि निर्माण | ५००,०००.०० | | पांच लाख |
| | डल्टार चौतारा निर्माण | १५०,०००.०० | | एक लाख पचास हजा |
| | वडा नं. ४ | | | |
| | तौलि गुम्वा मर्मत तथा व्यवस्थापन | ३००,०००.०० | | तिन लाख |
| | पशुपति चौतारो मन्दिर पुननिर्माण | १००,०००.०० | | एक लाख |
| | जालपादेवी मन्दिर निर्माण | १००,०००.०० | | एक लाख |
| | त्रिरत्न छोईलिङ गुम्वा मर्मत तथा व्यवस्थापन | ३००,०००.०० | | तिन लाख |
| | दमाई डाडा सुन्दरादेवि मन्दिर निर्माण | १५०,०००.०० | | एक लाख पचास हजा |

| क.सं. | शिर्षक | | अनुमानित वजेट | कैफियत |
|---|---|---|---|---|
| | सुन्दरादेवी मन्दीर निर्माण हात्तिगौडा | १५०,०००.०० | | एक लाख पचास हजार |
| | कुलकुले मरण पाटि निर्माण | २००,०००.०० | | दुई लाख |
| | साविक २ ठुलोमरण पाटि निर्माण | २००,०००.०० | | दुई लाख |
| | रुद्रदेवी मन्दिर निर्माण | २००,०००.०० | | दुई लाख |
| | शिवलिंगेश्वर महादेव झाक्रिटोल गुरुङ डाडा मन्दीर निर्माण | २००,०००.०० | | दुई लाख |
| | विर्ता टोल मरण पाटि निर्माण | २००,०००.०० | | दुई लाख |
| | वडा नं. ५ | | | |
| | बच्छला मन्दिर निर्माण | २००,०००.०० | | दुई लाख |
| | कुण्डला मन्दिर निर्माण | २००,०००.०० | | दुई लाख |
| | सिटौला समाज कुल मन्दिर निर्माण | ५००,०००.०० | | पाच लाख |
| | | | | |
| घ) | खेलकुद मैदान निर्माण | | १,५००,०००.०० | पन्ध्र लाख |
| | | | | |
| ङ) | पुर्वाधार विकास | | ४६,९००,०००.०० | चार करोड उनान्सत्तरी |
| | सातविसे उदयजालपा मावि वाहुनडाडा धारापानि हुदै घलेभञ्ज्याङ्ग सडक स्तरोन्नती | १९,६००,०००.०० | | एक करोड छयानब्बे लाख<br>प्रदेश सरकारबाट समपुरक आम्दानीबाट रु. अन्ठानब्बे लाख व्यहोरिने गरी |
| | स्थानिय स्तरका सडकहरु वडा नं १ का सबै सडकहरु मर्मत एवम् सरसफाई | ५००,०००.०० | | पाचं लाख |
| | स्थानिय स्तरका सडकहरु वडा नं २ का सबै सडकहरु मर्मत एवम् सरसफाइ | २,०००,०००.०० | | विस लाख |
| | स्थानिय स्तरका सडकहरु वडा नं ३ का सबै सडकहरु मर्मत एवम् सरसफाई | १,५००,०००.०० | | पन्ध्र लाख |
| | स्थानिय स्तरका सडकहरु वडा नं ४ का सबै सडकहरु मर्मत एवम् सरसफाई | १,५००,०००.०० | | पन्ध्र लाख |
| | स्थानिय स्तरका सडकहरु वडा नं ५ का सबै सडकहरु मर्मत एवम् सरसफाई | ८००,०००.०० | | आठ लाख |
| | वडा नं ५ सत्तरी चुवानडाडा बच्छला मन्दिर लाकुरीभञ्ज्याङ सडक स्तरोन्नती | २,५००,०००.०० | | पच्चीस लाख |
| | वडा नं ४ मा कंकेश्वरी ठकुरीटोल भ्याडले सडक स्ल्याव कल्भर्ट निर्माण | ५००,०००.०० | | पाचं लाख |
| | वडा नं ३ आप्रह राहुटार ३ नं वडा कार्यालय विमीरे हुदै घलेभञ्ज्याङ सडक स्तरोन्नती | ४,०००,०००.०० | | चालिस लाख |
| | वडा नं १ कलछे वजार ठाटी भकुण्डे चौतारे राई वस्ती सिमारा सडक स्याचिङ फन्ड | १,५००,०००.०० | | पन्ध्र लाख |
| | वडा नं ४ लामाटोल नेवारटोल मजुवा सडक निर्माण | ७००,०००.०० | | सात लाख |
| | वडा नं २ आप्रह सुवेदि डाडा छापथोक सडक निर्माण | १,०००,०००.०० | | दश लाख |
| | वडा नं ४ स्वारावेसि साविक ५, ८, ९ सडक मर्मत | ५००,०००.०० | | पांच लाख |
| | घलेभञ्ज्याङ, च्यानडाडा, नेवारपानि, फुर्केसल्ला, वुढिसेरा सडक मर्मत | ५००,०००.०० | | पांच लाख |
| | वडा नं २ राष्टिय मा.वि.घलेभञ्ज्याङ सडक सरसफाई | १,०००,०००.०० | | दश लाख |
| | वडा नं ५ घलेभञ्ज्याङ कुण्डला  सडक मर्मत | १,०००,०००.०० | | दश लाख |
| | गाउँपालिका कार्यालय आसपासका सडक स्तरोन्नती तथा ढल व्यवस्थापन | २,०००,०००.०० | | विस लाख |
| | वडा नं ३ मिश्रफाँट कुनाको सडक वाल मर्मत तथा ग्रावेल गर्ने कार्य | १,५००,०००.०० | | पन्ध्र लाख |
| | वडा नं १ माहाङकाल चमेरेगुफा आपकोबोट जाने मोटरबाटो ग्रावेल | ७००,०००.०० | | सात लाख |
| | वडा नं १ सुनारेहुदै ठाटी जोड्ने मोटरबाटो ग्रावेल | ३००,०००.०० | | तिन लाख |
| | वडा नं १ आठविसे आपचौर फुयालडाडा चपरा मोटरबाटो ग्रावेल तथा नाली व्यवस्थापन | ८००,०००.०० | | आठ लाख |

| क.सं. | शिर्षक | | अनुमानित वजेट | कैफियत |
|---|---|---|---|---|
| | वडा नं. ५ छहरे, महिला भवन, मिश्रको पधेरो, कुण्डला सडक | १,०००,०००.०० | | दश लाख |
| | वडा नं. ५ बुढिसेरा वच्छला मावि सडक सरसफाई | ४००,०००.०० | | चार लाख |
| | वडा नं. ५ राप्चे वच्छला मावि सडक सरसफाई | ४००,०००.०० | | चार लाख |
| | वडा नं. ५ भक्तेको डिल सुवेदी टोल वतासे वयागाऊ सडक मर्मत | ४००,०००.०० | | चार लाख |
| | वडा नं. ५ वरावोट नयां गाऊ सडक मर्मत | २००,०००.०० | | दुई लाख |
| | वडा नं. ५ सुन्तलीटार भक्ते डिल सडक सरसफाई | १००,०००.०० | | एक लाख |
| | | | | |
| च) | भवन तथा शहरी विकास आयोजना | | ७,३००,०००.०० | त्रिहत्तर लाख |
| | वडा नं १ वडा कार्यालय भवन निर्माण | २,०००,०००.०० | | विस लाख |
| | वडा नं ५ स्वास्थ्य ईकाई भवन | १,५००,०००.०० | | पन्ध्र लाख |
| | वडा नं २ राई वस्तिमा स्वास्थ्य ईकाइ भवन निर्माण | १,४००,०००.०० | | चौध लाख |
| | गाउँपालिका स्थायी भवन निमार्ण गर्न जग्गा सम्याउने कार्य | २,०००,०००.०० | | विस लाख |
| | वडा नं ४ नारिजागरण भवन संरक्षण | २००,०००.०० | | दुई लाख |
| | वडा नं ४ महिला भवन लामाटोल | २००,०००.०० | | दुई लाख |
| छ) | विविध - वडा नं.१ | | ४००,०००.०० | चार लाख |
| ज) | विभिन्न सिंचाई तथा पाईप खरिद | | २,०००,०००.०० | विस लाख |
| झ) | वातावरण तथा विपद् व्यवस्थापन | | ६,३००,०००.०० | त्रिसठी लाख |
| | वन तथा भु संरक्षण | ३००,०००.०० | | तिन लाख |
| | जलाधार संरक्षण | ३००,०००.०० | | तिन लाख |
| | वातावरण संरक्षण | ३००,०००.०० | | तिन लाख |
| | जलवायु परिवर्तन | २००,०००.०० | | दुई लाख |
| | जलउत्पन्न तथा प्रकोप व्यवस्थापन | २,२००,०००.०० | | वाईस लाख |
| | विपद् व्यवस्थापन | ३,०००,०००.०० | | तिस लाख |
| | | | | |
| ञ) | अन्य | | १०,५००,०००.०० | एक करोड पांच लाख |
| | सवारी साधन खरिद | १,०००,०००.०० | | दश लाख |
| | मेसिनरी तथा औजार | १,०००,०००.०० | | दश लाख |
| | आई.इ. ई | १,५००,०००.०० | | पन्ध्र लाख |
| | फर्निचर खरिद | १,०००,०००.०० | | दश लाख |
| | पञ्चकन्या गाउँपालिका सवै सरकारी कार्यालयमा विद्युतिय हाजिरी मेसिन | ५००,०००.०० | | पांच लाख |
| | गाउँपालिका प्रवेसद्धार निर्माण | २,०००,०००.०० | | विस लाख |
| | डि. पि. आर | १,५००,०००.०० | | पन्ध्र लाख |
| | विद्युतिय पुर्वाधार | २,०००,०००.०० | | विस लाख |
| ट) | आकस्मिक रुपमा आईपर्ने आर्थिक, सामाजिक, पुर्वाधार, वातावरण तथा विविध व्यवस्थापन र संस्थागत विकास, सेवा प्रवाह सुसासन सम्वन्धि योजनाहरु | | ७,८००,०००.०० | अठहत्तर लाख |
| ठ) | गाऊपालिका स्तरिय खानेपानि वैकल्पीक उर्जा, सडक निर्माण तथा अन्य पुर्वाधार म्याचिङ फण्ड | | २०,२००,०००.०० | दुई करोड दुई लाख |
| | | **जम्मा पुंजिगत खर्च** | ११८,०५०,०००.०० | एघार करोड असी लाख पचास हजार |

**गाँउकार्यपालिकाको कार्यालय**

**लाकुरीभञ्ज्याङ, नुवाकोट ।**

**३ नं. प्रदेश ।**

**आ.ब. २०७६/७७ का लागि चालु खर्च तर्फको बजेट बांडफांड**

| संकेत नं. | आयोजनाको नाम | बजेट रु. हजारमा | कुल बजेट | अक्षरमा |
|---|---|---|---|---|
| २१११ | कर्मचारी पारिश्रमिक | ६४०० | ६४०० | **चौसठी लाख** |
| २१११२ | पदाधिकारी सेवा सुविधा | ४२०० | ४२०० | **बयालिस लाख** |
| २११२१ | पोशाक | १२०० | १२०० | **बाह्र लाख** |
| २११३२ | महंगी भत्ता | ४०० | ४०० | **चार लाख** |
| २११३४ | कर्मचारी बैठक भत्ता | १०० | १०० | **एक लाख** |
| २११३९ | अन्य भत्ता | ३०० | ३०० | **तिन लाख** |
| २११४१ | पदाधिकारी वैठक भत्ता | १४०० | १४०० | **चौध लाख** |
| २११४२ | पदाधिकारी अन्य सुविधा | ६०० | ६०० | **छ लाख** |
| २२१११ | पानी विजुली | १५० | १५० | एक लाख पचास हजार |
| २२११२ | संचार | १५० | १५० | एक लाख पचास हजार |
| २२२११ | इन्धन पदाधिकारी | ७०० | ७०० | **सात लाख** |
| २२२१२ | इन्धन कार्यालय प्रयोजन | ६०० | ६०० | **छ लाख** |
| २२२१३ | सवारी साधन मर्मत | ४०० | ४०० | **चार लाख** |
| २२२१४ | विमा तथा नविकरण | १५० | १५० | एक लाख पचास हजार |
| २२२२१ | मेसिन तथा औजार मर्मत | १०० | १०० | **एक लाख** |
| २२२३१ | निर्मित सार्वजनिक सम्पति मर्मत | २५० | २५० | दुई लाख पचास हजार |
| २२२९१ | अन्य सम्पति मर्मत | ५० | ५० | **पचास हजार** |
| २२३११ | मसलन्दा तथा कार्यालय सामाग्री | १००० | १००० | **दश लाख** |
| २२३१४ | इन्धन अन्य प्रयोजन | ५० | ५० | **पचास हजार** |
| २२३१५ | पत्रपत्रिका छपाई तथा सुचना प्रकाशन | १५०० | १५०० | **पन्द्र लाख** |
| २२४१३ | करार सेवा शुल्क | ६२०० | ६२०० | **वैसठी लाख** |
| २२४१४ | सरसफाई शुल्क | ५० | ५० | **पचार हजार** |
| २२५११ | कर्मचारी तालिम खर्च | १०० | १०० | **एक लाख** |
| २२५१२ | सिप विकास तथा जनचेतना तालिम तथा गोष्ठी | **१२९६४.५३६** | १२९६४.५३६ | एक करोड उनान्तीस लाख चौअन्न हजार |
| २२५२२ | कार्यक्रम खर्च | **३११४६** | ३११४६ | तिन करोड एघार लाख छयालिस हजार |
| २२५२९ | बिबिध कार्यक्रम खर्च | १००० | १००० | **दश लाख** |

| संकेत नं. | आयोजनाको नाम | बजेट रु. हजारमा | कुल बजेट | अक्षरमा |
|---|---|---|---|---|
| २२६११ | अनुगमन/मुल्याङकन | २००० | २००० | **विस लाख** |
| २२६१२ | भ्रमण खर्च | १०० | १०० | **एक लाख** |
| २२७११ | विविध खर्च | १५०० | १५०० | **पन्ध्र लाख** |
| २२७२१ | सभा संचालन खर्च | ५०० | ५०० | **पांच लाख** |
| २५३१४ | धार्मिक तथा सास्कृतिक संस्था सहायता | ३०० | ३०० | **तिन लाख** |
| २५३१५ | अन्य सहायता | २०० | २०० | **दुई लाख** |
| २७२१३ | औषधी खरिद | ७०० | ७०० | **सात लाख** |
| २८१४२ | घर भाडा | ६०० | ६०० | **छ लाख** |
| २८१४३ | सवारी साधन तथा मेसिनरी औजार भाडा | ३०० | ३०० | **तिन लाख** |
| २८१४९ | अन्य भाडा | ३०० | ३०० | **तिन लाख** |
| **कुल जम्मा** | | | **७७६६०.५३६** | **सात करोड छयहत्तर लाख साठी हजार पांच सय छत्तिस रुपैया** |

पेश गर्ने

सदर गर्ने

# पंञ्चकन्या गाँउपालिका

## गाँउकार्यपालिकाको कार्यालय

## लाकुरीभञ्ज्याङ, नुवाकोट ।

## ३ नं. प्रदेश ।

## आ.ब. २०७६/७७ का लागि चालु खर्च तर्फको कार्यक्रम खर्च ५२२ तर्फको बांडफांड

| क्र.सं. | कार्यक्रमको नाम | बजेट रु. हजारमा | अक्षरमा |
|---|---|---|---|
| १ | कम्प्युटर तालिम (कर्मचारी र वडाध्यक्ष) | ५०० | **पांच लाख** |
| २ | फलफुल खेती प्रबर्द्धन (अनुदान) | ७०० | **सात लाख** |
| ४ | भोजन सुधार तथा जडीबुटी उत्पादन र प्रशोधन मार्फत समृद्धिको खोजी | ८०० | **आठ लाख** |
| ५ | गाउपालिका प्रोफाइल निर्माण | २००० | **विस लाख** |
| ६ | लागु औषध नियान्त्रण | २०० | **दुई लाख** |
| ७ | स्वयंसेबक शिक्षक कार्यक्रम | ३००० | **तिस लाख** |
| ८ | होमस्टे संचालन अनुदान तथा पर्यटन प्रवर्द्धन कार्यक्रम | १००० | **दश लाख** |
| ९ | टुहुरा बिद्यार्थी तथा दलित बिद्यार्थीको साहारा अध्यक्ष कार्यक्रम | ३०० | **तिन लाख** |
| १० | बिरामीको अविभावक गाउपालिका (आर्थिक सहयोग) | २२०० | **वाईस लाख** |
| ११ | सहकारी प्रवर्द्धनात्मक कार्यक्रम | ५०० | **पाचं लाख** |
| १२ | गरिबी निवारणका लागि लघु उद्यम | ५०० | **पाचं लाख** |
| १३ | महिला वालवालिका, ज्येष्ठ नागरिक, अपांग लक्षित कार्यक्रम | ३००० | **तिस लाख** |
| १४ | सस्कृति प्रबर्द्धन कार्याक्रम | ५०० | **पांच लाख** |
| १५ | अपाङ्गसंग जनप्रतिनिधी कार्यक्रम | ५०० | **पांच लाख** |
| १६ | शिक्षक तालिम कार्यक्रम | ६०० | **छ लाख** |
| १७ | बिद्यालय स्तरिय खेलकुद (शैक्षिक क्यालेण्डर) | ८७० | **आठ लाख सत्तरी हजार** |
| १८ | गर्भवतीको साथी उपाध्यक्ष कार्यक्रम | ५०० | **पांच लाख** |
| १९ | महिला स्वास्थ्य स्वयंसेबिका संचार खर्च | ७५० | **सात लाख पचास हजार** |
| २० | नमुना विद्यालय अवलोकन शैक्षिक भ्रमण | ४०० | **चार लाख** |
| २१ | प्राथमिक उपचार तालिम तथा किट वक्स वितरण | १२६ | **एक लाख छविस हजार** |
| २२ | पशु सेवा शाखा | १५०० | **पन्ध्र लाख** |

| क्र.सं. | कार्यक्रमको नाम | बजेट रु. हजारमा | अक्षरमा |
|---|---|---|---|
| २३ | कृषि विकास शाखा | १००० | **दश लाख** |
| २४ | स्वास्थ्य सेवा शाखा | १५०० | **पन्ध्र लाख** |
| २५ | खेलकुद प्रवर्द्धन कार्यक्रम | २५०० | **पच्चीस लाख** |
| २६ | लैंगिक समानता तथा सामाजिक समावेशि करण | ५०० | **पांच लाख** |
| २७ | फोहोर मैला व्यवस्थापन | २०० | **दुई लाख** |
| २८ | संस्थागत विकास तथा सुसासन | ५००० | **पचास लाख** |
| **कुल जम्मा** | | ३११४६ | |

पेश गर्ने

**तिन करोड एघार लाख छयालिस हजार**

# पंञ्चकन्या गाँउपालिका

## गाँउकार्यपालिकाको कार्यालय

## लाकुरीभञ्ज्याङ, नुवाकोट ।

## ३ नं. प्रदेश ।

### आ.ब. २०७६/७७ का लागि चालु खर्च तर्फको सिप बिकास ५१२ तर्फको बांडफांड

| क्र.सं. | कार्यक्रमको नाम | बजेट रु. हजारमा | अक्षरमा |
|---|---|---|---|
| १ | सडक नाटक | ५०० | पांच लाख |
| २ | सार्वजनिक सुनुवाइ | ५०० | पांच लाख |
| ३ | रेडियो कार्यक्रम | ३०० | तिन लाख |
| ४ | न्यायिक समिति | ५०० | पांच लाख |
| ५ | शिक्षक तथा बिद्यार्थी सम्मान | १५० | एक लाख पचास हजार |
| ६ | बिभिन्न दिबसीय कार्यक्रम | ७०० | सात लाख |
| ७ | कक्षा ८ तथा एस.ई.ई. परीषा संचालन तथा व्यबस्थापन | ३०० | तिन लाख |
| ८ | दलित / जनजाती जागरण कार्यक्रम | १००० | दश लाख |
| ९ | गाउपालिका स्तरिय अभिभावक अन्तरक्रिया | २०० | दुई लाख |
| १२ | मनोसामाजिक कार्यक्रम | २०० | दुई लाख |
| १३ | शैक्षिक प्रबर्दन कोष | १२०० | बाह्र लाख |
| १४ | सप्तकन्या नमुना आ.वि. अनुदान | ६०० | छ लाख |
| १५ | १२ कक्षा संचालन अनुदान पन्चकन्या मा.बि. | १००० | दश लाख |
| १६ | पञ्चकन्या जनकल्याण युवा समाज | २०० | दुई लाख |
| १७ | सुचना प्रविधि | २००० | विस लाख |
| १८ | विभिन्न कायक्रमहरुमा गैर सरकारी संस्थाहरुबाट खर्च हुने रकम | ३६१४.५३६ | छत्तिस लाख चौध हजार पांच सय छत्तिस |
| | क) रुम टु रिड मार्फत रुडेकवाट सञ्चालन गरिने साक्षरता कार्यक्रम र वालिका शिक्षा कार्यक्रम रु. १०,०९,५३१।- | | |
| | ख) सुआहारा मार्फत सञ्चालन हुने पोषण सम्वन्धि कार्यक्रम रु. १२,०९,९०५।- | | |
| | ग) फोकस नेपाल बाट सञ्चालन हुने सहकारी सम्वन्धि कार्यक्रम रु. ९,६५,१००।- | | |
| | घ) शक्ति समुहबाट सञ्चालन हुने चेलिवेटि वेचविखन विरुद्धको कार्यक्रम रु. ४,३०,०००।- | | |
| **कुल जम्मा** | | १२९६४.५३६ | |

एक करोड उनान्तीस लाख चौसठी हजार पांच सय छत्तिस रुपैया

पेश गर्ने

**सम्माननीय अध्यक्ष महोदय,**

अव म वजेटको विनियोजन र स्रोतको ब्यवस्था सम्वन्धी योजना प्रस्तुत गर्दछु । नेपालको संविधानको अनसुचि-८ मा व्यवस्था गरिएका स्थानिय तहका अधिकारका विषयमा आफ्नै आर्थिक ऐन निर्माण गरि सकिएको हुँदा आन्तरीक स्रोतमा सुधार हुने अवस्था हाम्रो सामु छ । जनचाहनाका आयोजनाहरुमा रकम विनियोजन गरी संघियता कार्यन्वयनको महाअभियान समयवद्ध रुपमा सम्पन्न गर्न साधनस्रोतको उच्चतम् प्रयोगलाई प्राथमिकता दिएको छु ।

आगामि आर्थिक बर्षका लागी रु.२९ करोड ३८ लाख ६७ हजार ५ सय ३६ विनियोजन गरेको छु । कुल विनियोजन मध्ये चालुतर्फ १७ करोड ५८ लाख १७ हजार ५ सय ३६ अर्थात ५९.८ प्रतिशत र पुंजीगत तर्फ रु ११ करोड ८० लाख ५० हजार अर्थात ४०.२ प्रतिशत रहेको छ । यो खर्च अनुमान गत आ.व.को तुलनामा झन्डै १.१ गुणाले वढि हो । सरकारी ससर्त वित्तिय अनुदान स्वरुप संघिय सरकारवाट प्राप्त ९ करोड ६० लाख रुपैंया र प्रदेश सरकारबाट प्राप्त ससर्त रकम रु.२१ लाख ५७ हजार तथा कृषि पशु स्वास्थ्य र शिक्षा तर्फका बजेट समेत चालु खर्चमा लेखाङ्कन गर्नुपर्ने प्रावधानले गर्दा चालु खर्चको अंश केहि बढि देखिन गएको छ ।

कुल वजेट मध्ये गाउँकार्यपालिका वाट ७ करोड ८८ लाख १७ हजार ५३६ रुपैया चालु खर्च र ८ करोड ३० लाख ५० हजार पूँजिगत खर्च रहने गरी, विषयगत शाखाहरुवाट ९ करोड ६० लाखरुपैयाँ चालू खर्चस्वरुप र वडा समितिहरुवाट १० लाख चालु तथा ३ करोड ५० लाख पुँजिगत खर्च हुनेगरी वित्तिय व्यवस्थापन गरेको छु । विकास तर्फ लम्कदै गरेको स्थानीय तह भएकाले गाउँपालिकाको आफ्नै खानेपानी लगायतका अन्य ठुला आयोजनाहरु संचालन गर्न Matching fund राख्नु पर्ने जस्ता कारणले गाउँकार्यपालिकामा छुट्याईएको अपुग पुँजीगत रकमको अंश समेत देखिन गएको हो ।

आगामि आर्थिक वर्षको लागि अनुमान गरिएको खर्च ब्यहोर्ने स्रोत मध्ये आन्तरीक राजश्ववाट रु.६० लाख, संघिय सरकारवाट प्राप्त वित्तिय समानीकरण अनुदानवाट रु.७ करोड ४६ लाख, शसर्त अनुदान वाट ९ करोड ६० लाख, राजश्व बाँडफाँडवाट ५ करोड १४ लाख प्रदेश सरकार वाट प्राप्त वित्तिय समानीकरण अनुदानवाट रु ९९ लाख २७ हजार, शसर्त अनुदानवाट रु २१ लाख ५७ हजार, राजश्व बाँडफाँड हस्तान्तरणवाट रु. १ करोड ११ लाख ६ हजार, विद्युत रोयल्टीबाट प्राप्त ३ लाख ३७ हजार १४६, बुद्धभुमि हाईडो पावरबाट प्राप्त १० लाख र विभिन्न संस्थाहरुबाट प्राप्त ३६ लाख १४ हजार ५३६ व्यहोर्दा न्यून हुन आउने रु.२ करोड ७९ लाख २५ हजार ८५४ मध्ये चालु आ.व.को नगद मौज्दातबाट रु.२ करोड २० लाख व्यहोरिने र बाकि नपुग हुन आउने घाटा रकम रु. ५९ लाख २५ हजार ८५४ विभिन्न स्रोतहरुबाट सोधभर्ना गरिनेछ ।

**सम्माननीय अध्यक्ष महोदय,**

म आर्थिक वर्ष २०७६/०७७ का लागि राजस्व परिचालनको नीति तथा कार्यक्रम निम्नानुसार प्रस्तुत गर्दछु ।

नेपालको संविधानले परिकल्पना गरे अनुरुप हामीले पञ्चकन्या गाउँपालिकाको यस आ. व. २०७६/०७७ कोआर्थिक ऐन जारी गरीसकेको कुरा  अवगत नै छ । उक्त ऐनको प्रभावकारी कार्यान्वयन मार्फत सबै गाउँपालिका वासीहरुलाई करको दायरामा ल्याउन करदाता शिक्षा,करको दायरा विस्तार, राजस्व चुहावट नियन्त्रण जस्ता कार्यक्रमहरु संचालनमा ल्याई आन्तरिक राजस्व वृद्धि गर्ने तथा आवश्यक सुधार गरी आत्मनिर्भर गाउँपालिका निर्माणको थालनि गरीनेछ ।

आगामी साउन १ गते देखिनै आर्थिक ऐनले निर्दिष्ट गरेका विषयहरुसँग  सम्वन्धित नागरीक तथा व्यवसायिहरुलाई आफ्नो व्यवसाय अभिलेखिकरण गर्न विभिन्न संचार माध्यामवाट आह्वान गरी सम्वृद्ध अर्थतन्त्रको निर्माण वाट तिव्र आर्थिक विकास तर्फको वाटो पहिल्याउने प्रक्रिया सुरु गरिने छ ।

**सम्माननीय अध्यक्ष महोदय,**

विकास जमिनमुनिको त्यो पानी हो जुन सय ठाँउमा एक मिटर खनेर प्राप्त गर्न सकिदैन तर एकै ठाँउमा सय मिटर खन्नाले प्राप्त गर्न सकिन्छ भन्ने मान्यतालाई आत्मसाथ गर्दै यस आ.व.०७६/०७७ को बजेटमा टुक्रे योजनाहरुलाई निरुत्साहित गर्ने अधिकतम प्रयास गरेको छु । यस बजेटको कार्यान्वयनबाट आर्थिक क्रियाकलापमा उल्लेख्य विस्तार भई राज्यले राखेको ७.० प्रतिशत आर्थिक वृद्धिदर हासिल हुने लक्ष्यमा थप बल मिल्नेछ । यो बजेटको कार्यान्वयनवाट यस गाउँपालिका भित्रका जनशक्तीहरु लाई थप नयाँ रोजगारीका अवसरहरु सिर्जना हुने अपेक्षा गरेको छु ।

प्रस्तुत बजेट तर्जुमामा मार्गनिर्देशन गर्नु हुने सम्माननीय अध्यक्ष ज्यू, माननीय गाउँसभाका सदस्य ज्यूहरु, राजनैतिक दलका नेताज्यूहरु प्रति हार्दिक आभार प्रकट गर्दछु । बजेट छलफलका क्रममा आ-आफ्ना तर्फवाट अमुल्य सुझावहरु प्रदान गर्नुहुने विभिन्न समितिका पदाधिकारीहरु, छिमेकी गाउँपालिकाका समकक्षी मित्रहरु, राष्ट्रसेवक कर्मचारीहरु, वुद्धिजिवि,निजि क्षेत्रका संघ संगठनहरु,नागरीक समाज तथा सामुदायीक संस्था, सामाजिक संगठनहरु, पत्रकारहरु लगायत यस गाउँपालिका भित्र, देश तथा विदेशमा रहनु भएका पञ्चकन्यावासी आमा वुवा दिदि वैनी, दाजुभाईहरु सवैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

विकास मानविय जिवनलाई खुशी प्रदान गर्ने साधन पक्कै हो । तर विकास संगै जल, जमिन, प्रकृति र पर्यावरणको संरक्षणको जिम्मेवारीलाई पनि विर्सन मिल्दैन भन्ने कुरालाई ध्यान दिदै हरित विकासको अवधारणालाई अवलम्वन गरी दिगो विकास प्राप्तिका लागि **"विगारेर हैन, सिंगारेर विकास गरौ"**भन्ने नीतिलाई प्रत्येक पूवार्धार विकासको चरणमा प्रयोग गर्दै लगिने गरि बजेटलाई डोर्याउने प्रयास गरेको छु ।

अन्त्यमा गाउँको विकास र समृद्धिमा निरन्तर सद्भाव र सहयोग पुर्याउने आम नागरकि, करदाता, पञ्चकन्याको हित र समुन्नतीमा कार्यरत सबै बिकास साझेदार, सरकारी, गैरसरकारी तथा सामुदायीक संस्थाहरुप्रती हार्दिक आभार व्यक्त गर्दै बजेटको सफल कार्यान्वयनमा सबैको खुल्ला सहयोगको अपेक्षा गर्दछु ।

समस्याहरु धेरै छन्, सबैको एकैपटक समाधान सम्भव छैन र हुन पनि सक्दैन । वर्तमान वस्तुगत यथार्थको धरातलमा उभिएर चुनौतीहरुको सामना गर्दै नयाँ अवसरको सिर्जना गर्न हामि सवै कटिवद्ध, प्रतिबद्ध र एकतावद्ध बनौ । उज्वल भविष्य निर्माणको लागी आशावादी बनौ, नमुना

पञ्चकन्या निर्माणमा सहभागी बनौं । **सानो लक्ष्य लिनु अपराध हो महान् लक्ष्य राख** भन्ने भनाईलाई मनन गर्दै सामाजिक सद्भाव र एकताबाट सामुहिक रुपमा विकासको खोजीमा जुट्नु पर्छ भन्ने हाम्रो मान्यता रहि आएको छ । स्थानिय सरकारकारको निति तथा कार्यक्रमको कार्यान्वयनको क्रममा विविध समस्या आईपर्न सक्छन् कुनै पनि समस्याको समाधान कानुनी तवरबाटै हुनुपर्छ । **बल र छल सदैव घातक मात्र हुन्छ** र अन्तत यसले निम्त्याउने जटिलता मात्र हो । त्यसैले जटिलताको अन्त्यको लागि यो बजेट कार्यान्वयनमा पञ्चकन्या गाउपालिकाको भुगोलभित्र गोलबद्ध आम नागरिक वुद्धिजिवी, आमा-वुवा, दाजु-भाई, दिदी वहिनी, जनप्रतिनिधि तथा कर्मचारी वर्ग सवै बल र छलको कदम .बाट टाढा वसी एकतावद्ध भएर अगाडी वढि सम्वृद्धिको खोजी वर्षलाई सार्थकता प्रदान गरौ भन्ने संकल्पको मैले आशा गरेको छु ।

# धन्यवाद